DEKHA
Since 2003
Nature's gift for good health

Regd. No.: 14425/181/071/072
PAN No.: 602739146

# ग्याँक्योर चुर्ण प्रेस विज्ञप्ती

अहिलेको समयमा मानिसले जानी नजानी शरीरको हितको लागि नभई स्वादको लागि विभिन्न प्रकारका रसायन युक्त परिकार अत्यधिक चिल्लो, पिरो, अमिलो, मैद्रजन्य पदार्थ वा अनुचित आहार र विहारको सेवन गरिरहेका छन्। अनुचित जीवनशैलीकै कारण धेरै मानिसहरु अरुचि (Anorexia) , आम्लोद्कार (Bleching) कब्जियत (Constipation) , छर्दि (Nausea & Vomiting) अम्लपित्त (Hyperacidity) आदि समस्या बोकि विभिन्न औषध सेवन गर्ने वा डाक्टरकोमा पुग्ने गर्दछन।

आयुर्वेदमा माथि उल्लेखित रोगहरु अन्नवह स्रोतको विकृति (Disorder of Gastrointestinal System) अन्तर्गत पर्दछ। अत्यधिक गुरु, स्निग्ध , विदाही, आसात्म्य आहार, क्रोध, चिन्ता आदि कारणले पित्त दोषको विकृति भई जठराग्नि मन्द हुन्छ। पुनः समान, अपान आदि वायु, पाचकपित्त, क्लेदक कफ विकृत भई आमको निर्माण हुन्छ। अन्नको परिपाक नहुनाले आमाशय वा पक्वाशयमा विभिन्न समस्या उत्पन्न हुन्छ। साथै यकृत (Liver) र प्लीहा (Spleen) ले आफ्नो कार्य गर्न असमर्थ हुनाले अन्नपाचनमा बाधा भई विभिन्न उपद्रव (Complication) देखिन्छ।

**Dekha Herbals** द्वारा निर्मित **Gascure Churna** विशेष गरी माथि उल्लेखित रोग निवारणको लागि अति उत्तम औषध द्रव्य हो। यसमा प्रयुक्त प्रमुखघटक द्रव्य मध्ये मिश्री मधुर र शीत हुनाले वातपित शामक हुन्छ। यो छर्दि, द्राह (Burning sensation) लाई अति उत्तम औषध द्रव्य हो। मिश्री र यष्टिमधुले आमाशयगत व्रण (Peptic ulcer) मा रोपनको कार्य गर्छ। चरक अनुसार त्रिवृत उत्तम मृटुविरेचक द्रव्य (Ideal Laxative) हो जसले कब्जियतको निवारण गर्छ। शख भष्म मन्दाग्नि वा यकृत विकार द्वारा उत्पन्न उपद्रव मा विशेष कार्य गर्छ। प्रवल भष्म सहित यसले पित्त द्वारा दुषित कोष्ठशूल (Abdominal Pain) , पेट फुल्नु (Abdominal Distension) दाह र आम्लोद्कारमा विशेष कार्य गर्छ। त्रिकटु दीपण, पाचन कार्य गर्ने हुनाले अरुचि, अजीर्ण (Indigestion) लागि विशेष लाभदायक हुन्छ।

अश्वगन्ध जीर्ण अम्लपित्त (Chronic Gastritis) नाशक हुन्छ। भृङ्गराज , गुडुची संयोग रहेको हुनाले यकृत र प्लिहाको विकृति द्वारा उत्पन्न आमाशयगत अम्लताको निरोध गर्न मद्धत गर्छ। मण्डूकपर्णी र जटामंसी जस्ता मेध्य गुणयुक्त द्रव्यले चिन्ता आदि मानस कारण द्वारा उत्पन्न अम्लपित्तलाई विशेष फाइदा गर्छ। मरिच, मुस्ताले आमको पाचन गर्न मद्धत गर्दछ। त्वकले मुखवैरस्यता हटाई हुलास (Nausea) र अरुचि निवारण गर्छ। पञ्चरस युक्त अमला मोदोषशामक विशेषः पित्त शामक हुनाले त्रिदोषलाई सम अवस्था राख्छ। ल्वांग, विडगं आदिले वातानुलेमन गर्ने हुनाले पेटमा वायु (Flatulance) को निष्काशन गर्छ।

सम्रगमा अन्नवह स्रोतसमा अन्नको उचित परिपाक गरि उदरगत रोगको निवारण हेतु विभिन्न जडिबुटी मिश्रणबाट बनाइएको छ. अति प्रभावकारी औषध भएता पनि चिकित्सक सल्लाह बमोजिम सेवन गर्नाले उचित लाभ प्राप्त हुन्छ।

Head Office
Khumaltar Height, Lalitpur, Nepal
01-5523488 / +977-9840254596
dekhaherbals@gmail.com
dekha.com.np